# रिडिधाम माघेसक्रान्ती मेला संचालन तथा व्यवस्थापन र श्रीनगर सांस्कृतिक डबली संचालन सम्बन्धि सिलवन्दी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति: २०८१।०८।०६

तानसेन नगरपालिका आन्तिरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०८० को परिच्छेद २ दफा ३ र ४ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा रहेको रिडीधाम माघेसक्रान्ती मेला संचालन तथा व्यवस्थापन र चालु आ.व. २०८१/०८२ को बाँकी अवधिको लागि श्रीनगर सांस्कृतिक डबली संचालनको लागि ३० दिनको म्याद राखी यो बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

१. बोलपत्र खरिद गर्न चाहने फर्म/कम्पनीले तानसेन नगरकार्यपालिकाको कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी बालपत्र फारम खरिद गर्न सकिने छ ।
२. बोलपत्र फारम खरिद गर्ने मिति : सुचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र ।
३. सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति : आ.व. २०८१/०८२ सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको बोलपत्र साथ संलग्न गरी सुचना प्रकाशन भएको मितिले ३१औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।
४. वोलपत्र खोल्ने समय : सूचना प्रकाशित भएको मितिले ३१औं दिनको २ वजे । बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार तानसेन नगरपालिकामा सुरक्षित रहने छ
६. वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी मिति २०८२ साल असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।
७. बोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।
८. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
९. ठेक्का अवधि (रिडी धाम माघे सक्रान्ती मेलाको लागि२०८१ माघ ५ गते सम्म) र श्रीनगर सांस्कृतिक डबली संचालनको लागि कार्यदेश पाएको मिति देखि २०८२ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।
१०. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक ग्यारेण्टी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
११. ठेक्का अंक रकम एकमूष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।

१२. बोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस तानसेन नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१३. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरपालिका नगरकार्यपालिकाको राबश्ज शाखामा सम्पर्क राख्न सकिने छ ।

<u>दरभाउपत्र विवरण</u>

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक रु. | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०२/०८१/०८२ | रिडिधाम माघेसक्रान्ती मेला संचालन तथा व्यवस्थापन | १०,००,०००। | रु. १०००।०० | बोलपत्र |
| ०३/०८१/०८२ | श्रीनगर सांस्कृतिक ठवली संचालन | २,५०,०००। | रु. १०००।०० | बोलपत्र |

...............................

तानसेन नगरकार्यपालिकाको कार्यालय

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

CamScanner